# नमूना आवासिय विद्यालयमा विस्तृत परियोजना प्रतिवेदनका आधारमा निर्माण कार्य आरम्भ सम्बन्धी कार्यविधि,२०७६

प्रस्तावनाः

नमूना आवासिय विद्यालय स्थापनाका आधार, शर्त, पूर्वाधार र स्वरुप सम्बन्धी मापदण्ड, २०७५ अनुसार मन्त्रालयस्तरबाट छनौट एवम् स्वीकृत भएका विद्यालयहरुले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन (DPR) का आधारमा प्राथमिकतामा परेका कार्यक्रम क्रमश कार्यान्वयन गर्दै जानु आवश्यक छ ।सम्बन्धीत स्थानीय तहको समन्वय एवम् सहकार्यमा प्राथमिकता बमोजिमका भौतिक पूर्वाधार निर्माण कार्य आरम्भ गर्ने कार्यलाई व्यवस्थीत एवम् प्रभावकारी रुपमा सञ्चालन गर्न **नमूना आवासिय विद्यालयमा विस्तृत परियोजना प्रतिवेदनका आधारमा निर्माण कार्य सञ्चालन सम्बन्धी कार्यविधि,२०७६** गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **नमूना आवासिय विद्यालयमा विस्तृत परियोजना प्रतिवेदनका आधारमा निर्माण कार्य सञ्चालन सम्बन्धी कार्यविधि, २०७६** रहेको छ ।

(२) यो कार्यविधि गण्डकी प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"नमूना आवासिय विद्यालय"** भन्नाले नमूना आवासिय विद्यालय स्थापनाका आधार, शर्त, पूर्वाधार र स्वरुप सम्बन्धी मापदण्ड, २०७५ अनुसार मन्त्रालयस्तरबाट छनौट एवम् स्वीकृत भएका विद्यालयहरु जनाउँदछ।

(ख) **"मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

३. **प्रस्ताव माग गर्नेः** छनौटमा परेका नमूना आवासिय विद्यालयहरुको निर्मित विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम स्थानीय तहसँगको सहकार्यमा भौतिक तथा शैक्षिक पूर्वाधार निर्माण कार्यको प्राथमिकता निर्धारण गरी निर्माण कार्य आरम्भ गर्नका लागि सम्बन्धीत विद्यालयहरुसँग प्रस्ताव माग गरिनेछ । प्रस्ताव माग गर्ने सम्बन्धी सूचनाको ढाँचा अनुसुची-१ बमोजिम हुनेछ ।

४. **प्रस्ताव पेश गर्नेः**(१) नमूना आवासिय विद्यालयको रुपमा छनौटम परेका विद्यालयहरुले सम्बन्धीत स्थानीय तहसँगको सहकार्यमा निर्मित विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम भौतिक पूर्वाधार निर्माण कार्यको प्राथमिकता निर्धारण गरी लागत अनुमान र कार्ययोजना सहितको प्रस्ताव तयार गरी स्थानीय तह मार्फत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) कार्यक्रम प्रस्तावको ढाँचा अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **प्रस्ताव छनौट र स्वीकृतिः** (१) प्राप्त हुन आएका प्रस्तावहरुको छनौट एवम् सिफारिस गर्न मन्त्रालयमा एक समिति रहनेछ ।

१. महाशाखा प्रमुख(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा) - संयोजक

सचिव

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

२. आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधी १ जना- सदस्य

३. मन्त्रालयले मनोनित गरेको सम्बन्धीत विषयको विज्ञ १ जना - सदस्य

४. शाखा अधिकृत, शैक्षिक योजना तथ्याङ्क तथा अनुसन्धान शाखा- सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार अन्य विज्ञहरुलाई समेत बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) प्राप्त हुन आएका प्रस्तावहरु प्रस्ताव छनौट एवम् सिफारिस समितिले प्रस्ताव प्राप्त भएको मितिले १५ दिन भित्र छनौट गरी मन्त्रालयका सचिव समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रस्तावहरु सिफारिस भएको मितिले ७ दिन भित्र स्वीकृत गरिसक्नुपर्नेछ ।

(५) प्रस्तावहरुको छनौटका लागि अनुसुची- ३ मा तोकिए बमोजिमको आधारहरु अवलम्वन गरिनेछ ।

**६. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौताः** (१) स्वीकृत कार्यक्रमहरुको कार्यान्वियनका लागि सम्बन्धीत विद्यालयहरुले स्थानीय तहसँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अन्य कुराको अतिरिक्त कार्यक्रम कार्यान्वयन अवधि र मन्त्रालय र स्थानीय तहले आवश्यक ठानेका शर्तहरु उल्लेख गर्न सक्नेछ ।

**७. बजेट निकासाः** कार्यक्रम सञ्चालन सम्वन्धी सम्झौता पश्चात स्वीकृत अनुदान रकम सम्बन्धीत स्थानीय तहहरुलाई अख्तियारी उपलव्ध उपलव्ध गराइनेछ । साथै सम्बन्धीत स्थानीय तहहरुले विद्यालयको नाममा प्राप्त भएको अनुदान रकम सम्झौता बमोजिम कार्य प्रगतीका आधारमा बढीमा ३ किस्तामा उपलव्ध गराउनुपर्नेछ ।

**८. कार्यक्रम सञ्चालनः** (१) विद्यालयले स्थानीय तहसँग कार्यक्रम कार्यान्वयनको सम्झौता भएपछि कार्ययोजनाका आधारमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिमको प्रकृया पुर्याइ कार्य सम्पन्न गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य प्रारम्भ भएपछि सम्बन्धित विद्यालयले सो को जानकारी स्थानीय तह र मन्त्रालयलाई दिनु पर्नेछ ।

(३) सम्बन्धीत विद्यालयहरुले सम्झौतामा उल्लिखित अवधिभित्र कार्य सम्पन्न गरी स्थानीय तहसँग रकम भुक्तानी माग गर्नु पर्नेछ ।

(४) अनुगमनको सिलसिलामा दिईएका निर्देशन एवम् सुझावहरु पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने विद्यालयको हुनेछ ।

(५) सम्झौता बमोजिमको समयमा कार्यसम्पादन नगरेमा वा रकमको दुरुपयोग गरेको पाईएमा उक्त विद्यालयको बैङ्क खाता रोक्का गर्न सकिनेछ ।

(६) स्थानीय तहले विद्यालयहरुसंग आवश्यक वील भर्पाइ र आवश्यक कागजात माग गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेछ ।

सचिव

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(७) प्राप्त बजेटको लेखापरीक्षण गर्ने दायित्व कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको हुनेछ । अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धी विवरण मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

**९. कार्यक्रम अनुगमन प्रतिवेदनः** (१) कार्यक्रमको नियमित अनुगमन मन्त्रालय एवम् सम्बन्धीत स्थानीय तहबाट हुनेछ ।

**१०. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**११. संशोधन एवम् हेरफेरः** मन्त्रालयले यस कार्यविधिमा संशोधन एवम् हेरफेर गर्न आवश्यक ठानेमा प्रस्ताव तयार पारी स्वीकृतीका लागि सिफारिस गर्न सक्नेछ ।

सचिव

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

अनुसूची – १

(दफा ३ सँग सम्बन्धीत)

सूचनाको ढाँचा

गण्डकी प्रदेश, पोखरा

**नमूना आवासिय विद्यालयमा विस्तृत परियोजना प्रतिवेदनका आधारमा निर्माण कार्य आरम्भ गर्न प्रस्ताव माग गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७६/०७/

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट स्वीकृत **नमूना आवासिय विद्यालय स्थापनाका आधार, शर्त, पूर्वाधार र स्वरुप सम्बन्धी मापदण्ड, २०७५** बमोजिम छनौटमा परेका विद्यालयहरुले सूचना प्राप्त भएको मितिले ३० दिनभित्र प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित देहाय बमोजिमको ढाँचामा प्रस्ताव सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सचिव

आवश्यक कागजातहरुः

१. प्रस्तावपत्र

२. कार्ययोजना

३. लागत इष्टिमेट

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

अनुसुची-२

(दफा ४(२) सँग सम्बन्धीत)

गण्डकी प्रदेश, पोखरा

**नमूना आवासिय विद्यालयमा विस्तृत परियोजना प्रतिवेदनका आधारमा निर्माण कार्य आरम्भ गर्न प्रस्ताव पेश प्रस्तावपत्रको ढाँचा**

१. विद्यालयको नामः
२. स्थानीय तहको नामः
३. जिल्लाः
४. सञ्चालित कक्षाः
५. विस्तृत परियोजना प्रस्ताव(DPR)बमोजिम प्राथमिकताका कार्यक्रमहरुः
६. माग गरिएको कार्यक्रमको नामः
७. कार्यक्रम सञ्चालन गर्न लाग्ने अनुमानीत कुल रकमः
   - विद्यालयवाट व्यहोर्न सकिने/जुटाउने रकमः
   - स्थानीय तहवाट व्यहोर्ने रकम( प्रतिवद्धता भएको) :
   - मन्त्रालयसंग माग गर्ने रकमः
८. विद्यालयमा हाल सञ्चालित भौतिक पूर्वाधारको अवस्थाः
९. छुट्टै आवास भवनः क) छ ख) छैन
१०. आवास सञ्चालन भएको कोठा संख्याः
११. आवासमा बस्ने विद्यार्थी संख्याः छात्राः छात्रः जम्माः
१२. विद्यालयको वर्तमान अवस्थाको रंगीन फोटो

**प्रमाणित गर्ने**

प्रधानाध्यापकको नामः
सहिः
मितिः

विद्यालयको छाप

व्यवस्थापन समितिको अध्यक्षको नामः
सहिः
मितिः

सचिव

प्रदेश
नेपाल

**व्यहोरा प्रमाणित गर्ने**

स्थानीय तहको शिक्षा हेर्ने अधिकृत

नामः

पदः

दस्तखतः

मितिः

१४. छात्रवृत्ती आवश्यकता सम्बन्धी स्थानीय तहको राय एवम् सिफारिसः

प्रमाणित गर्ने स्थानीय तहको पदाधिकारीको नामः

पदः

दस्तखतः

मितिः

| स्थानीय तहको छाप |
|---|

**<u>यस सम्बन्धी थप जानकारीका लागि</u>**

सामाजिक विकास मन्त्रालयको वेवसाइट www.mosd.gov.np मा लगइन गरी वा मन्त्रालयको इमेल mosdgedu@gmail.com र फोन नं. ०६१- ४६७६७१, ०६१-४६७८२३ मा सम्पर्क गर्न सकिने छ ।

सचिव

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

अनुसुची- ३

दफा ५(५) सँग सम्बन्धीत

नमूना आवासिय विद्यालयमा विस्तृत परियोजना प्रतिवेदनका आधारमा निर्माण कार्य आरम्भ गर्ने कार्यक्रमको प्रस्ताव छनौटका आधारहरु

| क्रस | छनौटका आधारहरु | अंकन |
|---|---|---|
| १ | DPR समावेश भएको आवासीय भवन निर्माण तथा व्यवस्थापन | ४ |
| २ | स्थानीय तहबाट गरिने सहकार्यको सुनिश्चितता | ३ |
| ३ | DPR मा कार्यक्रमहरुको प्राथमिकताका आधारमा कार्यक्रम माग | ३ |
| | कुल जम्मा | १० |

सचिव

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल